# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक २४६ काठमाडौं शुक्रबार, २० पुस २०८० Prabhab National Daily Friday, January 5, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।–


## म पनि 'फिल्ड'मा छु



- देशलाई खोक्रो पार्ने चलिरहेको आजको चलनचल्तिमा व्यापक हेरफेर र सुधार गर्नैपर्छ
- सोचौं र सबै कुराको समिक्षा गरेर एउटा राम्रो मार्गचित्र तयार गरौं । देश हामीले नै बनाउने हो
- त्यसैले म भन्छु, आउ अब हामी सबै एकै ठाउँमा उभिऔं

■ प्रभाव संवाददाता

**काठमाडौं–** पूर्वराजा ज्ञानेन्द्र शाहले शासकीय परिवर्तनका लागि जनताको माग आएको दाबी गर्दै आफू पनि फिल्डमा भएको जनाउ गरेका छन् । बिहीबार भैरहवामा अभिनन्दन लिएपछि पूर्वराजाले भने - म कतै अन्त गएको छैन । सदा-सदा नेपालीका साथमा छु । नेपालभित्रै छु ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले नेपालमा राजसंस्था पुनस्थापनाका माग गरिरहेको बेला पूर्वराजा शाह बेलाबेला पूर्वपश्चिम अभिनन्दन ग्रहण गर्न पुग्छन् । संघीय लोकतन्त्रको पक्षमा रहेका शीर्ष दलका नेताहरूले भने पूर्वराजालाई चुनावी मैदानमा आउन चुनौति दिन्छन् ।

यही दोहोरीमा भारतीय विदेशमन्त्री एस जयशंकर नेपाल भ्रमणमै आएको दिन पूर्वराजाले जनताले राजसंस्था चाहेको विषयमा धारणा राखेका हुन् । शाहले सनातन वैदिक धर्म र सभ्यता भएको देश अहलि कताकता हराएजस्तो लागेकोसमेत बताए ।

देशको अवस्था बेरोजगारी, गरिबी र शैक्षिक कमजोरीले जर्जर भएको उल्लेख गर्दै ज्ञानेन्द्र शाहले यस्तो अवस्थाको अन्त्य हुनै पर्नेमा जोड दिए । उनले देशलाई खोक्रो पार्ने गरी भइरहेको अहिलेको अवस्थालाई व्यापक हेरफेर गर्नुपर्ने आवश्यकतासमेत औल्याए । 'देशमै उत्पादन, उद्यम, इलम, सीप, शिक्षा र सभ्यताको नयाँ अध्याय खडा गर्नु परेको छ । देशलाई खोक्रो पार्ने चलिरहेको आजको चलनचल्तिमा व्यापक हेरफेर र सुधार गर्नैपर्छ,' शाहको भनाई थियो ।

गौरवशाली इतिहास भएको देशलाई अहिले सबैले हेप्ने अवस्थामा पुगेको दाबी गर्दै शाहले राष्ट्रको अस्तित्वमा खिया लागेको तर्क गरे । 'वीरता, पराक्रम, पुरषार्थ र उच्च मूल्य-मान्यतामा रहेको हाम्रो गौरवशाली देश अहिले सबैले हेप्ने, सबैले छड्के आँखाले हेर्ने अपमानितजस्तो बन्दै गएको स्वाभिमानी जनताले अनुभूत गरेका छन्,' शाहले भने, 'हाम्रा बुढापाका, अनुभवीहरूको विचार भन्नुपर्दा हाम्रो राष्ट्रको अस्तित्वमाथि आज खिया लाग्दै गइरहेको छ ।'

शाहले देशको राजनीति देशीविदेशीको इशारामा चल्नेतिर इंगित गर्दै आफ्नो विषयको तय आफैले गर्नुपर्ने बताए । 'के-कस्तो विधि-अवस्था बदल्दा हाम्रो राष्ट्रिय मान्यता बन्छ, अनि कसप्रकार अघि बढ्दा नेपाल र नेपालीको सर्वोत्तम हित हुन्छ, त्यो हामी आफैंले तय गर्ने विषय हो,' शाहले भने ।

शाहले अभिनन्दन कार्यक्रममा सबैलाई एक ठाउँमा आउन र आफूलाई साथ दिन आह्वानसमेत गरे । 'हामी सबैको दृढ प्रयत्न यसै अनुरूप हुनुपर्छ भन्ने हामीलाई लाग्छ । त्यसैले म भन्छु, आउ अब हामी सबै एकै ठाउँमा उभिऔं,' शाहले भने ।

बुधबारमात्र उनले राप्रपाका शीर्ष नेताहरूसँग दुई घण्टा छलफल गरी राजसंस्था पुनस्थापनाबारे गम्भीर छलफल चलाएका थिए । भैरहवाको सिद्धार्थ होटलमा भएको छलफलमा पूर्वराजाले हिन्दु राष्ट्र, सात दलसँग भएको सम्झौताको विषयमा पनि आफ्नो भनाई राखेका थिए ।

यही विषयमा सोचेर प्रष्ट मार्गचित्र तय गर्नसमेत उनले आह्वान गरेका छन् । 'सोचौं र सबै कुराको समिक्षा गरेर एउटा राम्रो मार्गचित्र तयार गरौं । देश हामीले नै बनाउने हो । हाम्रो स्रोतसाधनको परिचालन गरेर देशको समृद्धि हामीले नै अघि बढाउने हो,' शाहले भने ।

**जयशंकरको काठमाडौं तीर्थ**

## हिन्दुराष्ट्र अभियानका लागि कतिको मलजल ?

■ जेबी योञ्जन



**काठमाडौं–** राजतन्त्र र हिन्दुवादीले सक्रियता बढाइरहेका बेला छिमेकी देश भारतका विदेशमन्त्री एस जयशंकर नेपाल आएका छन् ।

भारतको कट्टर हिन्दुवादी दल भारतीय जनता पार्टी (भाजपा)को सरकारमा विदेशमन्त्री रहेका जयशंकरको नेपाल आगमनलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

आवरणमा परराष्ट्रमन्त्रीस्तरीय आयोगको बैठकमा सहभागी हुन उनी नेपाल आएको देखिन्छ । सोहीअनुसार उनी बैठकमा पनि सहभागी भए । ऊर्जा व्यापार सम्झौता भएको छ । नेपालले बनाएको म्यानुअल स्याटेलाइट प्रक्षेपण गर्न भारतले सहयोग गर्ने, हाई इम्प्याक्ट कम्युनिटी डेभलपमेन्ट प्रोजेक्ट कार्यान्वयन र नेपालको भूकम्प प्रभावित क्षेत्रको पुनर्निर्माणका लागि नेपाललाई १० अर्ब रूपैयाँ अनुदान सहयोग गर्ने सहमति भएको छ ।

तर, हिन्दुवादी नेता जयशंकरको आगमन देशको अन्तिम राजा ज्ञानेन्द्र शाहले भैरहवामा सम्बोधन गरेकै दिन भयो । यसलाई लिएर कतिपयले देशलाई हिन्दुधर्म सापेक्ष देश बनाउन माहोल तयार गर्ने कोणबाट हेरेका छन् ।

माओवादी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल भारत भ्रमणका क्रममा उज्जैनको महाकालेश्वर गएर नेपाललाई हिन्दु राष्ट्र बनाउने छनक त्यतिबेलै दिएको बताइन्छ । यतिमात्र हैन दाहालले विभिन्न भेटवार्ताका क्रममा भारतीय नेताहरूलाई नेपाललाई हिन्दु राष्ट्र बनाउने पक्षमा आफू सकारात्मक रहेको बताउँदै आएको स्रोतको दाबी छ ।

दाहालले पार्टीको केन्द्रीय कमिटी बैठकमा उपाध्यक्ष पम्फा भुसालमार्फत देशलाई हिन्दु धर्म सापेक्ष बनाउनुपर्ने एजेन्डासमेत प्रस्तुत गर्न लगाइसकेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

### शीर्ष नेतासँग भेट

काठमाडौं- बिहीबार बिहान विशेष विमानमार्फत काठमाडौं ओर्लिएको भारतीय विदेशमन्त्री एस जयशंकरले राष्ट्रपति रामचन्द्र पौडेलदेखि शीर्ष नेताहरूसँग भेटेका छन् । काठमाडौं ओर्लिएको केहीबेरमै जयशंकर शितल निवास पुगेर राष्ट्रपतिसँग भेटेका थिए । त्यसपछि प्रधानमन्त्री पुष्पकमल दाहालसँग बालुवाटारमा भेटवार्ता भयो ।

जयशंकरले त्यसपछि होटल याक एन्ड यति पुगेर नेपाल भारत परराष्ट्रसम्बन्धी संयुक्त आयोगको बैठकमा विभिन्न चार सम्झौता गरे । जसमा १० वर्षभित्रमा १० हजार मेगावाट बिजुली भारत लैजाने प्रमुख सम्झौता भयो । त्यसपछि होटल द्वारिका पुगेका उनले त्यहाँ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालसँग भेटवार्ता गरे । बिहीबार साँझ परराष्ट्र मन्त्रालयले आयोजना गरेको रात्रिभोजमा संलग्न भएका जयशंकरको आज भारत फर्कने कार्यक्रम रहेको छ ।



उहाँ (जयशंकर) को भ्रमणलाई धार्मिक रूपमा जोडेर हेर्नु भएन । हेर्दा त त्यसरी पनि मिल्ला तर खासमा उहाँको भ्रमण राजनीतिक छ नेपाल–भारतबीच द्विपक्षीय हितमा केन्द्रित छ ।

■ डा. भेषबहादुर थापा
परराष्ट्रविद्



भारतका विदेशमन्त्री नेपाल भ्रमणमा आउने कुरालाई अन्यथा मान्ने कुरा भएन । सम्वाद हुने कुरा राम्रो हो । तर, सम्वाद चाहिँ हाम्रो जनताको हितमा हुनुपर्‍यो । राष्ट्रको हितमा हुनुपर्‍यो र मलाई लाग्छ उनको यो भ्रमण धार्मिक प्रयोजनार्थ होइन ।

■ डा. राजन भट्टराई
परराष्ट्र मामिलाका जानकार

**सन्दर्भः वैदेशिक रोजगार**

## वैदेशिक रोजगार व्यवसायीमाथि भएको आक्रमणको निन्दा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले म्नपावर व्यवसायीमाथि भएको आक्रमणको घोर निन्दा गर्दै आक्रमणकारीलाई हदैसम्मको कारवाही गर्न सरकारसँग माग गरेको छ । अलर्ट ओभरसिजका सञ्चालक देवकुमार खोखाली र वोन म्नपावरका सञ्चालक युवराज रेग्मीमाथि वैदेशिक रोजगार पीडितको नाममा पुस १८ गते (बुधबार) सांघातिक आक्रमण भएको भन्दै संघले गम्भीर आपत्ति जनाउँदै कारवाही गर्नुपर्ने माग गरेको हो ।

संघले एक विज्ञप्ति जारी गर्दै वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्दा कुनै समस्या आए त्यसको निराकरण तथा कानुनी कारवाहीका लागि छुट्टै सरकारी निकाय रहेको जनाउँदै पीडित संघ नामक वैदेशिक रोजगार ऐन कानूनले चिन्दै नचिनेको संस्थाको अध्यक्ष वा प्रतिनिधि हुँ भनी इजाजतपत्रवाला संस्थाका सञ्चालकउपर भएको सांघातिक आक्रमणमा संलग्न व्यक्तिहरूमाथि कठोर कानूनी कारबाही गर्न गृह प्रशासनसमक्ष जोडदार माग गरिन्छ भन्ने उल्लेख गरिएको छ ।

व्यवसायीले कानून विपरीतको काम गरे श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग र सरकारका सम्बन्धित निकायले कारबाही गर्ने प्रस्ट व्यवस्था रहेको संघ अध्यक्ष राजेन्द्र भण्डारीले बताए । 'कानुनविपरीत हुने कार्यका लागि कारवाही गर्ने विभिन्न सरकारी निकाय छन्,' उनले भने, 'अनधिकृत व्यक्तिहरूले गरेको गैरकानूनी काम, इजाजतपत्रवाला कम्पनीमा तोडफोड, व्यवसायीमाथि गरिएको गालीगलौज र आक्रमण सैह्य हुँदैन ।'

संघले व्यवसायीबाट कुनै गल्ती कमीकमजोरी भए त्यसउपर वैदेशिक रोजगार विभागमा उजुरी गर्ने, क्षतिपूर्ति दिन लगाउने, विदेशबाट कामदार झिकाउन लगाउनेजस्ता काम कारबाही वैदेशिक रोजगार विभागले गर्ने व्यवस्था रहेको पनि स्मरण गराएको छ । तसर्थ आक्रमणकारीमाथि सम्बन्धित निकायहरूले कारबाही नगरे व्यवसायीले जीउधनको सुरक्षाको लागि व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था आउने भन्दै यसको जवाफदेही सरकार हुनुपर्ने संघले जनाएको छ ।

### लोकतान्त्रिक एसोसियसनको पनि भर्त्सना

यस्तै नेपाली कांग्रेस निकट व्यवसायीहरूको छाता संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पनि व्यवसायीहरूमाथि भएको आक्रमणको घोर निन्दा र भर्त्सना गरेको छ । एसोसियसनका अध्यक्ष कुमुद खनालले एक विज्ञप्ति जारी गर्दै नेपाल सरकारबाट इजाजतपत्र प्राप्त मेनपावर कम्पनीका सञ्चालकहरू भएको आक्रमणप्रति गम्भीर आपत्ति जनाउँदै संघातिक आक्रमणमा संग्लनहरूलाई कारवाही गर्नुपर्ने माग गरेका छन् । उनले कठोर कानुनी कारवाहीको लागि वैदेशिक रोजगार विभाग, श्रम मन्त्रालय, गृह मन्त्रालय, जिल्ला प्रशासन कार्यालय काठमाडौं र अन्य सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

## रसिया-युक्रेन जाने श्रम स्वीकृतिमा रोक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले युद्धरत अवस्थामा रहेको युरोपेली मुलुक रसिया र युक्रेनका लागि नेपाली श्रमिकलाई दिँदै आएको श्रम स्वीकृतिमा रोक लगाएको छ । वैदेशिक रोजगार विभागले हाल रसिया र युक्रेनबीच युद्ध भइरहेको अवस्थामा नेपाली नागरिकहरू रुसी सेनामा भर्ना भइरहेको कारण देखाउँदै श्रम स्वीकृति दिन रोक लगाएको हो ।

विभागले बिहीबार एक सूचना जारी गर्दै उल्लेखित मुलुकमा वैदेशिक रोजगारीका सिलसिलामा दिँदै आएको संस्थागत वा व्यक्तिगत श्रम स्वीकृति अर्को व्यवस्था नभएसम्म स्थगन गरिएको उल्लेख गरेको छ । रुसी सेनामा गएर नेपालीको युद्धमा निधन भएको समाचार आइरहेको भन्दै अझै नेपालीहरू जाँदा हुनसक्ने थप क्षतिलाई न्युनीकरण गर्न पनि श्रम स्वीकृतिमा रोक लगाइएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । नेपालीहरू रसिया जाने र सेनामा भर्ती हुने गरेको विषयमा अध्ययन तथा छानबिन पनि भइरहेको उनले जानकारी दिए ।

हालसम्म रुसी सेनमा भर्ती भएका ९ जना नेपालीको मृत्यु भएको सरकारले नै सार्वजनिक गरिसकेको छ । यद्यपि यो संख्या अझै धेरै हुन सक्ने अनुमान गरिएको छ । यस्तो विषम परिस्थितिमा आफ्ना नागरिकको सुरक्षा गर्न र जोखिमपूर्ण श्रममा रोक लगाउनु परेको विभागले जनाएको छ । यसअघि रोजगारीको लागि रसिया जानेको हकमा परराष्ट्र मन्त्रालय अन्तर्गत कन्सुलर सेवा विभागबाट एनओसी अनिवार्य गर्ने व्यवस्था गरिएकोमा पुनरावलोकन गर्दै श्रम स्वीकृति दिनै रोक लगाइएको छ । युक्रेनमा भने एक वर्ष अघिदेखि नै विभागले श्रमस्वीकृति दिन बन्द गरेको थियो । हाल रुसी सेनामा भर्ती भएका ४ जना नेपाली युक्रेनी सेनाको कब्जामा रहेको सरकारले नै जानकारी दिएको छ ।




# राष्ट्रिय सभाको निर्वाचन अधिकृत फेरिए

**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि यसअघि तोकिएका निर्वाचन अधिकृतहरू परिवर्तन गरेको छ । यसअघि तोकिएका जिल्ला न्यायाधीशमध्ये अधिकांश उच्च अदालतको न्यायाधीशमा नियुक्त भएका र एक जना अस्वस्थ भएकाले निर्वाचन अधिकृतहरू परिवर्तन गरिएका हुन् ।

आयोगको बिहीबारको निर्णयबाट जगेडामा रहेका जिल्ला न्यायाधीश कोशी प्रदेशका लागि विष्णुप्रसाद गौतम, मधेस प्रदेशका लागि चित्रबहादुर गुरुङ, बागमतीका लागि श्रीप्रसाद सञ्जेल, गण्डकी प्रदेशका लागि ऋषिराम आचार्य, लुम्बिनी प्रदेशका लागि कुलप्रसाद पाण्डे, कर्णाली प्रदेशका लागि मनोज श्रेष्ठ र सुदूरपश्चिम प्रदेशका लागि विष्णुप्रसाद अवस्थीलाई तोकिएको छ ।

आयोगको यही पुस १२ गतेको निर्णयबमोजिम सातवटै प्रदेशमा नियुक्त निर्वाचन अधिकृत जिल्ला न्यायाधीशहरू कोशी प्रदेशका लागि दुर्गाप्रसाद ढुंगेल, मधेसका लागि नारायणप्रसाद सुवेदी, गण्डकीका लागि केशवप्रसाद बाँस्तोला, लुम्बिनीका लागि कृपासुर कार्की, कर्णालीका लागि विष्णुप्रसाद अर्याल र सुदूरपश्लागि ओमप्रसाद अर्याल न्याय परिषद्को यही पुस १८ को निर्णयबाट उच्च अदालतको न्यायाधीशमा नियुक्त भएकाले उनीहरूको स्थानमा नयाँ निर्वाचन अधिकृत तोकिएको हो ।

यस्तै बागमती प्रदेशका तोकिएका निर्वाचन अधिकृत महेन्द्रबहादुर कार्कीले स्वास्थ्य समस्याका कारण काम गर्न असमर्थ भएको भनी निवेदन दिएकाले उनको स्थानमा अर्का न्यायाशीध नियुक्त गरिएको आयोगका प्रवक्ता शालिग्राम पौडयालद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ । उक्त निर्वाचनका लागि यही पुस २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुने कार्यक्रम छ ।

# सोवा रिग्पा उपचार प्रणालीलाई मूल प्रवाहमा ल्याउन जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** बुद्धकालीन उपचार पद्धतिका रूपमा हाल प्रचलनमा रहेको सोवा रिग्पा उपचार प्रणालीलाई मूल प्रवाहमा ल्याइने भएको छ । सोवा रिग्पा एहोसिएसन नेपाल र अडारा विकासले संयुक्तरूपमा आयोजनामा यहाँ भएको नेपालमा सोवा रिग्पा चिकित्सा पद्धतिको अभ्यास, नीति र भावी योजनाका विषयक अन्तरक्रियामा सहभागी सरकारी र प्राज्ञिक निकायका प्रतिनिधि सोवा रिग्पा चिकित्सा शिक्षाको नीतिमा भएका समस्याको समाधान गरी यस परम्परागत उपचार प्रणालीलाई छिटोभन्दा छिटो मूल प्रवाहमा ल्याउन सहमत भएका हुन् । सरकारी अस्पतालमा पनि विस्तार गर्न र यससम्बन्धी शिक्षालाई अन्य चिकित्सा जस्तै दर्ता गराउन सरोकारवाला निकायका प्रतिनिधि सहमत भएका छन् ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त सचिव डा. दीपेन्द्ररमण सिंहले हिमालयन जडीबुटीमा आधारित विश्वकै पुरानो चिकित्सा पद्धति सोवा रिग्पाको शिक्षा तथा उपचार प्रणालीलाई सोवा रोग्पा उपचार पद्धतिलाई मूल प्रवाहमा ल्याउन सकिएमा हिमाली क्षेत्रलाई स्वास्थ्य पर्यटनको रूपमा विकास गर्न सकिने सम्भावना रहेको उल्लेख गरे । उनले सुखी र समृद्धिका लागि स्वाथ्य आवश्यक हुने हुँदा देशका सबै मेडिकल कलेजहरूमा सोवा रिग्पाको शिक्षा अध्ययन गर्न सरकारका तर्फबाट आवश्यक काम भइरहेको जानकारी दिए । मन्त्रालयको नीति योजना तथा अनुगमन महाशाखाका प्रमुख डा. कृष्ण पौडेलले सोवा रिग्पालाई वैकल्पिक उपचार पद्धति नभई मौलिक उपचार पद्धति भएकाले यो उपचार पद्धति र यस क्षेत्रको अध्ययन अध्यापनमा देखिएको समस्या समाधानका लागि मन्त्रालय सकारात्मक रूपमा लागिपरेको बताए ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका डीन उकेशराज भुजुले विश्वविद्यालयको सम्बन्धनमा सोवा रिग्पा इन्टरनेसनल कलेजबाट पहिलो ब्याचका स्नातक तहका १७ जना विद्यार्थी दीक्षित भइसकेको र अन्य ब्याचमा पनि विद्यार्थी पढिरहेकाले उनीहरूलाई परिषद्मा दर्ताको कानुनी व्यवस्था हुनुपर्नेमा जोड दिए । सो विश्वविद्यालयका प्राज्ञ सदस्य कपिल लामाले पनि सोवा रिग्पामा उच्च शिक्षा हासिल गरेका विद्यार्थीलाई दर्ता हुने अवसरबाट वञ्चित गरिन नहुने बताए । नेपाल स्वास्थ्य व्यवसायी परिषद्का अध्यक्ष सुवोध शर्माले सोवा रिग्पामा स्नातक उत्तीर्ण विद्यार्थीलाई छिटोभन्दा छिटो दर्ताको प्रक्रियामा ल्याउन पहल गरिने बताए ।

त्यस्तै अडारा विकासका राष्ट्रिय निर्देशक प्रल्हाद ढकालले देशको हिमाली क्षेत्रमा अहिले पनि सोवा रिग्पा पद्धतिबाट धेरै बिरामीहरू उचार भइरहेको र यसप्रति जनविश्वास रहेकाले यसलाई राज्यले वैकल्पिक उपचार पद्दतिको रूपमा विकास गर्नुपर्नेमा जोड दिए । नरदेवी अस्पतालका निमित्त निर्देशकसमेत रहेका आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा. श्यामबाबु यादवले सोवा रिग्पाका विषय अध्ययन गरेका विद्यार्थीलाई स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता गराउन सकिने र यस विषयलाई चिकित्सा शिक्षा आयोगले पनि अन्य विषयलाई जस्तै मान्यता दिनुपर्ने धारणा राखे ।

सो अवसरमा स्वास्थ्य मन्त्रालयको आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखाका प्रमुख डा. पुष्पराज पौडेल, सिंहदरबार वैद्यखानाका पूर्वअध्यक्ष डा. बाबुराजा अमात्य र राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रका शाखा प्रमुख डा. माधवप्रसाद लम्सालले भारत, चीन र भुटानलगायत धेरै देशले यो पद्धतिलाई मान्यता दिएको हुँदा नेपालले पनि यसतर्फ तत्कालै कदम चाल्न ढिला गर्न नहुने सुझाव दिए । राससका सम्पादक एवं सोवारिग्पा उपचार पद्दति नामक पुस्तकका लेखक कृष्ण अधिकारीले भगवान बुद्धद्वारा प्रतिपादित यस उपचार पद्दतिलाई राज्यले 'ब्राण्डिङ' गर्न सक्नुपर्ने बताए ।

पृष्ठ १ बाट क्रमशः

## हिन्दुराष्ट्र अभियानका ....

भुसालले पार्टी कमिटी बैठकहरूमा यसबारेको एजेन्डालाई अघि सार्दै आएकी छिन् । उनी आबद्ध दल माओवादी भने देशलाई धर्मनिरपेक्ष बनाएको भन्दै त्यसको राजनीतिक लाभ लिन चाहन्छ ।

सत्ता साझेदारका प्रमुख घटक नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले यसअघि सर्वदलीय बैठकमै धर्मको विषयमा सोच्नुपर्ने बेला आएको बताएको विवरण सार्वजनिक भइसकेको छ । यतिमात्र हैन उनले रूपन्देही पुगेर गत मंसिरमा सार्वजनिक रूपमै धर्म निरपेक्षताबारे सोच्न सकिने बताएका थिए । अर्कातिर, सडकदेखि सदनसम्मै हिन्दुराष्ट्र पक्षधरहरूको आवाज अलिक ठूलो भएको छ । यसमा राप्रपादेखि बैंकको ऋण नतिरी हिन्दुराष्ट्रको अभियानमा रहेका मेडिकल व्यवसायी दुर्गा प्रसाईं समूह छन् । राप्रपाले त आगामी फागुनदेखि हिन्दुराष्ट्र र राजतन्त्रको पक्षमा लगातार आन्दोलन गर्ने जनाएको छ । त्यसको तयारीमा राप्रपा छ ।

तर, परराष्ट्रविद् डा. भेषबहादुर थापा जयशंकरको आगमनलाई नेपालमा उठ्दै गरेको हिन्दु धार्मिक आन्दोलनसँग जोडेर हेर्न नहुने बताउँछन् । उनका अनुसार नेपाल–भारत द्विपक्षीय हितमा जयशंकरको भ्रमण केन्द्रित छ । 'उहाँ (जयशंकर)को भ्रमणलाई धार्मिक रूपमा जोडेर हेर्न भएन । हेर्दा त त्यसरी पनि मिल्ला तर खासमा उहाँको भ्रमण राजनीतिक छ', उनले भने, 'नेपाल–भारतबीच द्विपक्षीय हितमा केन्द्रित छ ।'

उसो त जयशंकर आबद्ध दल भाजपा नेपाललाई हिन्दुसापेक्ष देश बनाउन चाहन्छ । त्यसका लागि भाजपा नेताहरूले घरिघरी अभिव्यक्ति दिने गरेका छन् । दुई वर्षअघि भाजपाका तत्कालीन प्रवक्ता विजय सोन्कर शास्त्रीले नेपाल हिन्दुराष्ट्र रहेको र भइरहने अभिव्यक्ति दिएका थिए । शास्त्रीको अभिव्यक्तिले नेपालमा धार्मिक बहस थप छेड्न थप मद्दत पुगेको थियो ।

अमेरिकाले गत जेठमा सार्वजनिक गरेको 'अन्तर ाष्ट्रिय धार्मिक स्वतन्त्रता प्रतिवेदन' ले भाजपासम्बद्ध धार्मिक समूहले नेपालका प्रभावशाली नेताहरूलाई हिन्दुराष्ट्र बनाउनेबारे अभिव्यक्ति दिन करोडौं पैसा दिएको विवरण सार्वजनिक गरेको थियो । उक्त प्रतिवेदनमा गरिएको दाबीले नेपालको हिन्दुवादी र राजतन्त्र पक्षधर दल राप्रपा झस्कियो । उक्त दलका अध्यक्ष राजेन्द्र लिङ्देनले प्रेस विज्ञप्ति जारी गरेर अमेरिकी दाबीको खण्डन गरे ।

तर, अमेरिकी दाबीलाई पुष्टि गर्नेगरी गत निर्वाचनपछि हिन्दुधर्मका पक्षमा सडकदेखि सदनसम्मै धेरै प्रभावशाली नेताहरू बोल्न थालेका छन् ।

यहीबेला हिन्दुवादी नेतासमेत रहेका विदेशमन्त्री जयशंकरको भ्रमणले कतै न कतै नेपालका हिन्दुवादीहरूको आन्दोलनमा बल पुग्ने विश्लेषण पनि हुँदै आएको छ । यद्यपि, प्रमुख विपक्षी दल नेकपा एमालेका नेतासमेत रहेका परराष्ट्र मामिलाका जानकार डा. राजन भट्टराई पनि परराष्ट्रविद् थापाले जसरी विदेशमन्त्री जयशंकरको नेपाल आगमन राजनीतिक भएको बताउँछन् । धार्मिक दृष्टिले जयशंकरको भ्रमणको अर्थ नहुने उनलाई लाग्छ ।

'भारतका विदेशमन्त्री नेपाल भ्रमणमा आउने कुरालाई अन्यथा मान्ने कुरा भएन । सम्वाद हुने कुरा राम्रो हो । तर, सम्वाद चाहिँ हाम्रो जनताको हितमा हुनुपर्‍यो । राष्ट्रको हितमा हुनुपर्‍यो', उनले प्रभावसँग भने, नेपाल–भारतबीचका समस्यालाई टेबलमा ल्याएर समाधान गर्ने हुनुपर्‍यो र मलाई लाग्छ उनको यो भ्रमण धार्मिक प्रयोजनार्थ होइन ।'

२०४७ मा जारी संविधानअनुसार देश हिन्दुराष्ट्र भएको थियो । त्यसअघि देश हिन्दुराष्ट्र थिएन । धर्मनिरपेक्ष वा कुनै धर्मसापेक्ष पनि थिएन । तर, १० वर्षे माओवादी सशस्त्र विद्रोह र त्यसको जगमा भएको २०६२/०६३ को जनआन्दोलनको बलमा देश धर्मनिरपेक्ष भयो । १८ वर्षपछि हिन्दुराष्ट्र हटचो । यसलाई लिएर हिन्दुवादीहरू क्रिस्चियन मिसनअन्तर्गत नेपाललाई धर्मनिरपेक्ष बनाएको दाबी गर्छन् ।

संविधानसभाका अध्यक्ष स्व. सुवासचन्द्र नेम्बाङले देश धर्मनिरपेक्ष भएको घोषणा गरेको भन्दै उनीविरुद्ध हिन्दुवादीहरू आक्रोशित थिए । उनलाई राजनीतिक जीवनकालमा क्रिस्चियन मिसनमा चलेको नेताको ट्याग लागेको थियो । जसबारे उनले खण्डन गरेका थिए । तर, यतिबेला भने देशलाई धर्मनिरपेक्ष बनाउनु समर्थन जनाएका दलका नेताहरू धमाधम हिन्दुधर्मका पक्षमा खुलिरहेका छन् । कांग्रेसकै नेताहरू डा. शेखर कोइराला, डा. शशांक कोइराला, शंकर भण्डारीलगायत खुलैरै हिन्दुधर्मको पक्षमा बोलिरहेका छन् । यसबारे एमाले, माओवादी, नेकपा एसलगायत दलका केही नेताहरू पनि खुलिरहेका छन् ।

## अधिकृत वारेशनामा बदर सम्बन्धी सूचना

जिल्ला खोटाङ साविक टेम्पा गा.वि.स. वडा नं. ८ हाल ल.पु.जि. सुनाकोठी गा.वि.स. बडा नं. ९ घर भई बेलायतमा वसोवास गर्ने पुर्ण ब. राईको नातीनी ध्यान ब. राईको छोरी रोजा राई र ऐ को नातीनी ऐ को छोरी ऐ. ऐ बस्ने रिमा राई समेतको संरक्षक भई आफ्नै हकमा समेत म पुर्ण ब. राईको बुहारी ध्यान ब. राईको श्रीमती ऐ. ऐ. बस्ने मिरा राई वादी र मेरा पति ध्यान ब. राई प्रतिवादी भएको अंश चलन मुद्दामा २०७१।१०।२१ गते भएको फैसला कार्यान्वयन गर्नको लागि मैले कृष्ण व. उप्रेतीको नाती निरकार उप्रेतीको छोरा भोजपुर जि. भोजपुर गा.वि.स. वडा नं. ४ वस्ने निरन्जन उप्रेतीलाई मिति २०७१।०६।२८ मा बेलायत स्थित नेपाली दुतावासवाट प्रमाणित गराई अधिकृत वारेस नियुक्त गरिएकोमा सो अधिकृत वारेसनामा यसै सुचनाद्वारा बदर गरिएको जानकारी गराईन्छ । अब उप्रान्त अधिकृत वारेसको हैशियतले कुनै कार्य नगर्नु नगराउनु होला ।

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/०९/१९**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको घाटगद्दीमा रहेको साल ७२ थानको ९५५.१४ घनफिट, अस्ना ४ थानको ५८.०१ घनफिट र साल वल्लावल्ली ७ थानको ३१.९४ घनफिट जातको जम्मा गोलिया ८३ थानको कुल जम्मा १०४५.०९ घनफिट जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीले गोलिया काठ दाउराको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री सिद्धबाबा सामुदायिक वन उपभोक्ता समूह**
**गौरीगंगा न.पा.४, कैलाली**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०५/०२ मा दर्ता भएको **प्रा.लि. नं. २९६७२२** को **संघर्ष कन्स्ट्रक्सन एण्ड रियल स्टेट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०९/१६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : new al rounaq trading.

पुर्व स्वीकृति मिति २०८०/०९२/२४ पुन स्वीकृति मिति २०८०/०९/१९ LT. No. 287449 चलानी नं. ६०२०२७८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 11 | 0 | 2500 | | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | LABOUR | 1 | 0 | 1100 | | | | | | | | |
| 3 | Representative | 15 | 0 | 2500 | | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/– कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०२/०७४/०७५

Lucky Human Resource Pvt.Ltd.
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAPOORJI PALLONJI MIDEAST LLC

पूर्व स्वीकृति मिति : २०८०/०९/१८ LT. No. 297501 चलानी नं. ६०२१२५१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 35 | 0 | 900 | ३२,६२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः पिआइटी तालिम केन्द्र रामानन्दचोक जनकपुरधाम, धनुषा मितिः २०८० पौष २७ गते (12 Jan. 2024) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २८ गते (13 Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/– कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/–

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

पुस २० गते २०८०, शुक्रबार

| | |
|---|---|
| **मेष** | शत्रुहरु किनारा लाग्ने, ईर्ष्या गर्नेले सहयोग गर्ने । |
| **वृष** | अध्ययनमा प्रगति, चिताएको काम सम्पन्न । |
| **मिथुन** | नयाँ काम, धन आर्जन, कमिकमजोरीमा सुधार । |
| **कर्कट** | अर्थ अभाव, साथिभाईसँग भेटघाट र परिवारसँग टाढा । |
| **सिंह** | व्यापारमा फाइदा, पशु तथा कृषि क्षेत्रमा राम्रो । |
| **कन्या** | भविष्यकालागि लगानी, काम पूरा गर्न समय लाग्नेछ । |
| **तुला** | सामाजिक कार्यमा हौसल्ला, आँटले दिगो फाइदा । |
| **वृश्चिक** | स्वास्थ्यमा उपचारमा खर्च, धनमाल हराउन सक्छ । |
| **धनु** | प्रतिक्षा गरिएको उपलब्धि, नयाँ ज्ञानको उत्साह । |
| **मकर** | अर्थ अभाव, साथिभाईसँग भेटघाट र परिवारसँग टाढा । |
| **कुम्भ** | व्यापारमा फाइदा, पशु तथा कृषि क्षेत्रमा राम्रो । |
| **मीन** | अरूको विश्वास गर्दा घोका हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

पुस २० गते, २०८०, ५ जनवरी, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.८४ | १३३.४४ |
| युरो | १ को | १४६.६२ | १४७.२८ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.१२ | १६९.८८ |
| स्विस फ्रैन्क | १ को | १५७.८२ | १५८.५४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.४८ | ९०.८९ |
| क्यानाडियन डलर | १ को | १००.२८ | १००.७३ |
| सिंगापुर डलर | १ को | १००.६७ | १०१.१३ |
| जापानी येन | १० को | ९.४२ | ९.४६ |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३५.४२ | ३५.५८ |
| कतारी रियाल | १ को | ३६.४४ | ३६.६० |
| थाई भाट | १ को | ३.८६ | ३.८८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.१७ | ३६.३३ |
| मलेसियन रिङेट | १ को | २८.९१ | २९.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२६ | १०.३० |
| स्विडिस क्रोनर | १ को | १३.१९ | १३.२५ |
| डेनिस क्रोनर | १ को | १९.६७ | १९.७६ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.३५ | ४३४.३० |
| बहराइन दिनार | १ को | ३५२.३६ | ३५३.९५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# 'जनसांख्यिक परिवर्तनको विश्लेषण गर्न जनसंख्या अध्ययन अत्यावश्यक'

■ प्रभाव संवाददाता

**कीर्तिपुर (काठमाडौं)–** जनसंख्याविद्‌ले बढ्दो जनसांख्यिक असन्तुलन र आप्रवासनका कारण भविष्यमा उत्पन्न हुने समस्या निराकरण गर्न जनगणनाका परिसूचकको वैज्ञानिक र व्यवस्थित अध्ययन गर्नुपर्ने बताएका छन् ।

त्रिभुवन विश्वविद्यालयको जनसंख्या शिक्षा केन्द्रीय विभागले बिहीबार आयोजना गरेको पत्रकार सम्मेलनमा विषयविज्ञ प्राध्यापकले जनसंख्याको उतारचढावअनुरूप विकासका योजना बनाउन सबै क्षेत्रका कर्मचारीसँग जनसंख्यासम्बन्धी ज्ञान हुनुपर्ने र विश्वविद्यालयबाट प्रतिवर्ष विषयविज्ञ उत्पादन गर्नुपर्नेमा जोड दिइएको थियो ।

कार्यक्रममा विभागका प्रमुख प्राध्यापक डा. योगेन्द्र गुरुङले विगतमा जनसंख्या नियन्त्रणलाई प्रमुख नीति बनाउँदै आएको नेपालमा जन्मदर कूल जनसंख्याको एक प्रतिशतबाट तलझरेपछि जनसंख्या व्यवस्थापनतर्फ जानुपर्ने भएको उल्लेख गरे ।

एकातर्फ सात प्रतिशत पुगेको ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाका लागि रणनीति बनाउनुपर्ने छ भने अर्कोतर्फ २८ प्रतिशत बालबालिकाको भविष्यका लागि सोच्नुपर्ने अवस्था छ । देशको आर्थिक, सामाजिक र राजनीतिक नीति निर्माणका लागि जनसंख्याको अध्ययन महत्त्वपूर्ण गुरुङले बताए । यसमा मानवहितका लागि मानवकै तथ्यांकको प्रयोग गरिने पनि उनले बताए ।

विभागका सहप्राध्यापक डा. पद्मप्रसाद खतिवडाले विगतमा एक सन्तान नीति लिएको छिमेकी राष्ट्र चीनले सन् २०२१ मा आइपुग्दा 'एक दम्पती, तीन सन्तान' लाई प्रोत्साहन गरेकोबाट नेपालले पनि शिक्षा लिनुपर्ने बताए ।

युवा र दक्ष जनशक्ति बाहिरिनेक्रम तीव्र बढ्नु र जनसंख्यामा आएको उतारचढावका कारण जनसंख्या शिक्षाको महत्त्व थप वृद्धि भएको खतिवडाको भनाइ थियो । यसैलाई मध्यनजर गरी विभागले यस वर्षदेखि पाँचजना विद्यार्थीलाई छात्रवृत्ति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदन तयारी र अनुसन्धान कार्यक्रममा सहभागिताको अवसर विद्यार्थीलाई दिन लागेको उनले जानकारी दिए ।

विभागले आप्रवासीसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाको सहकार्यमा जनसंख्या विषयका अध्येताहरू, सरकारी कमर्चारी र कूटनीतिक क्षेत्रमा क्रियाशीललाई लक्षित गरी दुई हप्ते सघन तालिम सञ्चालन गरिरहेको छ ।

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत वि.सं. २०४५ मा स्थापना जनसंख्या केन्द्रीय विभागबाट हालसम्म दुई हजार ३०० भन्दा बढी स्नातकोत्तर तह उत्तीर्ण गरेका छन् भने १८२ एमफिल तथा १९ जनाले विद्यावारिधि हासिल गरिसकेका छन् । विभागले स्वास्थ्य तथा जनसंख्या, वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय तथ्यांक कार्यालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सहकार्य गरिरहेको जानकारी डा. खतिवडाले दिए ।

## नौकुण्ड गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### सरमथली, रसुवा

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८०/०९/२०

यस कार्यालयवाट सार्वजनिक खरिद अनुगमनको कार्यालयको e-portal www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिलमा उल्लेखित ठेक्कामा रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये देहाय बमोजिमका बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागी सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त ठेक्कामा बोलपत्र पेश गरेका अन्य सबै बोलपत्रदाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरिद ऐन को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराइएको छ ।

तपसिल :

| सि.नं. | कामको विवरण | ठेक्का नं. | बोलपत्रदाताको नाम, ठेगाना | स्वीकृत रकम Without VAT |
|---|---|---|---|---|
| 1 | Upgrading of Lachyang Saramthali Partikharka Road | NRM/NCB/ Works/03/ 080/81 | Sanatan Construction Pvt.Ltd | 11,837,978.00 |
| 2 | Upgrading of Ghattekhola Khalchet Chiti Badare Aapchaur Road | NRM/NCB/ Works/05/ 080/81 | Batusafal-Gorakha-Paudel J.V | 11,714,799.76 |

प्रमुख प्रशासकीय अधिकृत

## दुधकुण्ड सा.व.उ.स. सोलुदुधकुण्ड न.पा.-१ को पर्यटन प्रवर्धन योजना कार्यान्वयन गर्न गेष्ट हाउस तथा पाउना घर निर्माण गर्नका लागि आशयपत्र पेश गर्ने सम्बन्धी प्रकाशित सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०९/१९

यस दुधकुण्ड सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत पर्यापर्यटन प्रवर्द्धन योजनाअनुसार यस सामूदायिक वनमा प्रर्यापर्यटन प्रवर्द्धनको लागि कामे डाँडामा १ र वेनीमा २ वटा गरी जम्मा ३ वटा गेष्ट हाउस तथा पाहुना घर निर्माण गर्नुपर्ने भएकाले निर्माण गर्न इच्छुक यस सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरू, फर्म तथा व्यक्तिहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्रमा विस्तृत विवरण खोली आफ्नै लगानीमा संरचना निर्माण गरि सञ्चालन गर्ने गरी यस सामूदायिक वन उपभोक्ता समतिको राष्ट्रिय वाणिज्य बैंक सल्लेरी शाखाको खाता नं. २०२०१००००१९५३००१ मा पछि फिर्ता नहुने गरी दस्तुर रु. ५०,०००।- (पचास हजार) घरौटी शुल्क जम्मा गरी भौचर सहित आयपत्र पेशगर्नु हुन सूचना प्रकाशित गरिएको छ । आशयपत्र अस्वीकृत भएको खण्डमा नियामानुसार धरौटी फिर्ता गरिने छ ।

## प्रमाणपत्र हराएको सूचना

मितिः २०८०/०७/१७ गते कलंकीदेखि कालिमाटी सम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : दिलिप कुँवर
रजिस्ट्रेसन.नं.: ७१४८१६०१४
सिम्बोल.नं.: ९०७०१३०८
ठेगाना.: कलंकी १४, काठमाडौं
सम्पर्क: ९८४४८७०९४६

## मोटरसाइकल हराएको–सूचना

मिति २०८०/०३/२१ गते बेलुका ९ बजे गोठाटार कागेश्वरी मनोहरा वडा नं. ८ राममन्दिर अगाडिबाट बा.प्र.०२,०३२प३४७४ को कालो रङ्गको २२० सिसिको निम्न व्यहोरा भएको पल्सर मोटरसाईकल हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

सच्याईएको सुचना २०८०/०३/२० हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

सवारी धनी: गुहेश्वरी अटो ईन्टरप्राईजेज
ईन्जिन नं.:DKXCME12827
च्यासिस नं.:MD2A13EX2MCE91262
सम्पर्क नं.:9843151081

## VACANCY ANNOUNCEMENT

A leading foreign recruitment agency is seeking the following position urgently.

1. Counselor (F/M)
2. Receptionist (F/M)
3. Recruitment Officer (F/M)
4. Documentation Officer (F/M)
5. Security Guard
6. Office Boy (Food & Accomodation provided)

**SALARY IS NEGOTIABLE**

We offer a monthly salary in accordance with Nepal Government Standards, along with additional benefits.

*Interested candidates can submit their CV, cover letter, and expected salary to our email: vnvjobsapplication@gmail.com.*

FOR MORE INFORMATION, FEEL FREE TO CONTACT US:

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9802356841, Email:- vnvjobsapplication@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NORA STYLE LADIES BEAUTY SALON
पूर्व स्वीकृति मिति २०७९/०६/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 293090 | चलानी नं. ६०२०८२४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/beautician/nail Technician | 0 | 10 | 140 | ६०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 10 | 140 | ६०,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RUKN AL FAYEZEH CONTRACTING EST
पूर्व स्वीकृति मिति: २०८०/०९/१८ | LT. No.297553 | चलानी नं. ६०२१२५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Distribution Network Electrical Technician | 1 | 0 | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६४,१९० | | | | | | | |
| 3 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,६६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.
श्रम ईजाजत नं. १०१५/०६८/६९
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HINT SALON CO FOR LADIES BEAUTY
पूर्व स्वीकृति मिति : २०८०/०६/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 293608 | चलानी नं.६०२१२५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Indoor) | 0 | 2 | 95 | ४१,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 2 | 150 | ६५,२६५ | | | | | | | |
| 3 | Manicure & Pedicure | 0 | 5 | 150 | ६५,२६५ | | | | | | | |
| 4 | Massage Therapist | 0 | 2 | 150 | ६५,२६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## बहराईन/कुवेतमा निःशुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : THE ART HOTEL & RESORT W.L.L.
पूर्व स्वीकृति मिति २०७९/११/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 281303 | चलानी नं. ६०१८५७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Tender | 5 | 0 | 183 | ६४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beech Attendant/ Recreation Attendant | 10 | 0 | 135 | ४७,९०० | | | | | | | |
| 3 | Commis 1 | 5 | 5 | 180 | ६३,८६५ | | | | | | | |
| 4 | Commis 2 | 5 | 0 | 160 | ५६,७७० | | | | | | | |
| 5 | Commis 3 | 10 | 10 | 135 | ४७,९०० | | | | | | | |
| 6 | Hostess | 0 | 5 | 154 | ५४,६४० | | | | | | | |
| 7 | Housekeeping Attendant/ Room Attendant | 10 | 10 | 130 | ४६,१२५ | | | | | | | |
| 8 | Kitchen Steward | 5 | 0 | 130 | ४६,१२५ | | | | | | | |
| 9 | Laundry Attendant | 5 | 0 | 130 | ४६,१२५ | | | | | | | |
| 10 | Life Guard | 5 | 5 | 189 | ६७,०६० | | | | | | | |
| 11 | Waiter/waitress | 10 | 10 | 140 | ४९,६७५ | | | | | | | |

कम्पनी : ALAMEED COFFEE ROASTERS & MILLS COMPANY
पूर्व स्वीकृति मिति २०८०/०३/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 288882 | चलानी नं. ६०२०४२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 4 | 0 | 140 | ६०,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Car Driver | 10 | 0 | 140 | ६०,९१५ | | | | | | | |
| 3 | Chef | 2 | 0 | 180 | ७८,६१५ | | | | | | | |
| 4 | Cleaner | 2 | 0 | 100 | ४३,५१० | | | | | | | |
| 5 | Motorcycle driver | 6 | 0 | 120 | ५२,२१० | | | | | | | |
| 6 | Waiter/Waitress | 2 | 0 | 125 | ५४,३८५ | | | | | | | |

कम्पनी : PINNACLE GROUP COMPANY
पूर्व स्वीकृति मिति २०७९/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 269026 | चलानी नं. ६०१८५७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista/Waiter | 30 | 30 | 180 | ७८,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 10 | 10 | 160 | ६९,६१५ | | | | | | | |
| 3 | Steward/Cleaner | 30 | 10 | 140 | ६०,९१५ | | | | | | | |

कम्पनी : NAIF FOOD CO.WLL
पूर्व स्वीकृति मिति २०७९/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 265020 | चलानी नं. ६०१८१६५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Delivery Boy | 50 | 0 | 140 | ६०,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Indoor Labour / Kitchen Helper | 50 | 0 | 90 | ३९,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9802356847, 9802356846, 9863194839
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARABSEC GENERALSECURITY GUARD SERVICES
पूर्व स्वीकृति मिति : २०८०/०९/१३ | LT. No. 297545 | चलानी नं. ६०२१२५३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 22 | 0 | 1200 | ४३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

दि पाल्म ग्रुप प्रा.लि.को ब्यानरमा निर्माण हुने चलचित्रका निर्माता शेखर लामा रहेका छन् । निर्माताले टिमले चलचित्र निर्माणका लागि गत विहिबार चलचित्र बिकास बोर्डबाट इजाजत समेत प्राप्त गरिसकेका छन् ।

पदम बिश्वकर्माको कथा रहेको चलचित्र सामाजिक कथाको रहने छ । नेपाल र अमेरिकामा छायाँकन हुने चलचित्रको यतिबेला प्रि-प्रोडक्सनको काम भइरहेको छ । फागुनबाट चलचित्रको छायाँकन थाल्ने निर्माण पक्षको तयारी छ । चलचित्रको मुख्य कलाकार तथा प्राबिधिकहरू केही दिनमा सार्वजनिक गर्ने निर्देशक श्रेष्ठले जनाएका छन् ।

अभिनयबाट संगालेको अनुभव र सिकेको ज्ञानलाई निर्देशनमा सदुपयोग गर्ने श्रेठले जनाएका छन् । उनले चलचित्रको कथा सुन्दा यो कथा आफैले भन्नु पर्छ भन्ने महशुस भएर निर्देशनमा आउन लागेको जनाए । सन् १९९४ को चलचित्र 'बादल'बाट अभिनय यात्रा शुरु गरेका श्रेष्ठले 'जन्मभूमी', 'गुड लक', 'स्काउट' लगायतका चलचित्रमा अभिनय गरेका छन् । यस्तै थुप्रै म्युजिक भिडियो तथा बिज्ञापनमा पनि श्रेष्ठले अभिनय गरेका छन् ।

# 'बेहुली फ्रम मेघौली' बनाउँदै स्वस्तिमा

**काठमाडौं (प्रस)–** फिल्म 'बेहुली फ्रम मेघौली' निर्माण हुने भएको छ । अभिनेत्री स्वस्तिमा खड्कालाई मुख्य भूमिकामा लिएर फिल्म बन्न लागेको हो । फिल्ममा उनले अभिनेत्री र निर्माताको दुई जिम्मेवारी बहन गर्नेछिन् । ब्ल्याक हर्स पिक्चर र मेघौली फिल्मस्को संयुक्त निर्माणमा फिल्म बन्न लागेको हो । ब्ल्याक हर्स पिक्चर अभिनेत्री स्वस्तिमा खड्काको पतिको कम्पनी हो ।

लेखकको रूपमा स्थापित आकाश बराल र सजन काफ्लेले मिलेर निर्देशन गर्ने फिल्मको छायांकन आगामी चैतबाट सुरु हुनेछ । यतिबेला



निर्देशक र कलाकारसहितको टिम लोकेशन हन्टिङका लागि चितवनको मेघौलीमा छ । फिल्मको कथाको उठान नै मेघौली गाउँबाट हुने निर्देशक बरालले जानकारी दिए । उनले 'बेहुली फ्रम मेघौली' को पछि नाम परिवर्तन हुनसक्ने बताए । फिल्ममा निश्चल बस्नेतको समेत अभिनय रहनेछ ।

फिल्म निर्देशकद्वय बराल र काफ्लेले लेखेका हुन् । दुवैले यहि फिल्मबाट निर्देशनमा डेब्यू गर्न लागेका हुन् । फिल्मको अन्य कलाकार अहिले सार्वजनिक गरिएको छैन ।

# 'नजाने भो हाम्रो दु:ख' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** गीतकार नारद पोखेलको सामाजिक बस्तु स्थिती झल्काउने गीत 'नजानेभो हाम्रो दु:ख' बिहिबार एक कार्यक्रमको आयोजना गरी सार्वजनिक गरिएको छ । बरिष्ठ गीतकार राजेन्द्र थापाको प्रमुख आतिथ्यमा काठमाडौंमा सार्वजनिक गरिएको गीतमा गायक शिशिर योगीको स्वर रहेको छ, भने ज्योति प्रकाशले संगीत गरेका छन् ।

ओएस आर डिजिटलबाट सार्वजनिक गरिएको गीतको



भिडियोमा शुरविर पण्डित, रश्मि भट्ट र राजानन्द माण्डव्यको अभिनय रहेको छ । गोविन्द अन्जानले छाँयांकन गरेको भिडियोको निर्देशन दिपेन्द्र प्रकाश के.सी. गरेका छन् ।

मकवानपुरको कुन्छाल गाउँमा छायांकन गरिएको भिडियोमा पटक पटक राज्यको व्यवस्था बदलिय पनि आम नेपालीको अवस्था नबदलिएको भन्ने थिमलाई केन्द्रमा राखेर भिडियो तैयार पारिएको निर्देशक के.सी.ले बताए । बिमोचन कार्यक्रममा बोल्दै प्रमुख अतिथी थापाले ग्रामिण भेगमा बसोबास गर्दै आएका आम नेपालीको भावनालाई समेटेर तैयार पारिएको गीत अन्त्यन्त राम्रो भएको प्रतिकृया दिएका छन् । गीतकारको शव्द, संगीतकारको मेहनत र गायकको आवाजले गीतलाई न्याय गरेकाले पनि आम श्रोता दर्शकलाई गीत मनपर्ने प्रमुख अतिथी थापाको भनाई थियो ।

त्यस्तै कार्यक्रममा बोल्दै बरिष्ठ अधिवक्ता मोहन इङनामले भाई बहिनीहरूले अत्यन्त मेहेनत गरी गीत र भिडियो तैयार पारेकोमा खुसि व्यक्त गर्दै यो मेहनतले सफलता पाओस भन्ने शुभकामना दिए । अधिवक्ता इङ्नामले गीत रेकर्डिङदेखि छांयाकनसम्म निर्माण टोलिलाई उर्जा थप्न आफु पनि संगै हिडर साथ दिएको बताए ।

कार्यक्रममा गीतकार नारद पोखेल, गायक शिशिर योगी, कलाकार शुरविर पण्डित, कलाकार रश्मि भट्ट, गीतकार संघका अध्यक्ष बसन्त वित्यासी थापा, उपाध्यक्ष रमेश कोईराला, संगीतकार ज्योति प्रकाशलगायतले गीतको सफलताको शुभकामना दिएका थिए ।

## रंगशाला

# क्यानको क्यालेण्डर सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले सन् २०२४ को वार्षिक खेल तालिका सार्वजनिक गरेको छ । क्यानले बिहीबार सार्वजनिक गरेको खेल तालिकामा वर्षभर आयोजना गरिने आधिकारिक प्रतियोगिता र कार्यक्रमको विषयमा उल्लेख गरिएको छ ।

क्यानद्वारा सार्वजनिक गरिएको वार्षिक क्यालेन्डरमा जनवरी ५ देखि १२ सम्म दक्षिण अफ्रिकामा यू-१९ हाई प्रफरमेन्स क्याम्प सञ्चालन हुने, जनवरी १३ देखि फेब्रुअरी ११ सम्म दक्षिण अफ्रिकामा पुरुष यू-१९ विश्वकप आयोजना हुने, फेब्रुअरी ५ देखि मार्च २५ सम्म क्यानडाविरुद्धको शृंखला खेल्ने तथा फेब्रुअरी मलेसियामा एसीसी महिला प्रिमियर कप खेल्ने उल्लेख छ ।

यसैगरी फेब्रुअरी २७ देखि मार्च ५ सम्म नेपालले नामिबिया र नेदरल्यान्ड्सँग त्रिकोणात्मक टी-२० शृंखला खेल्ने, मार्चमै हंकङमा चार राष्ट्र सम्मिलित टी-२० शृंखला खेल्ने, मार्च १९ देखि अप्रिल ३० सम्म घरेलु मैदानमा आयरल्यान्डको 'ए' टोलीसँग पाँचवटा एकदिवसीय खेलको शृंखला खेल्ने तथा मार्च-अप्रिलमै बंगलादेश, श्रीलंका र अफगानिस्तानको 'ए' टोलीसँग टी-२० शृंखला खेल्ने उल्लेख छ ।

यसैगरी आगामी अप्रिलमा एसीसी मेन्स प्रिमियर कप टी-२० प्रतियोगिता खेल्ने, अप्रिल-मेमा महिला द्विपक्षीय टी-२० शृंखलामा सहभागिता जनाउने, जुनमा अमेरिका र वेस्ट इन्डिजमा आईसीसी टी-२० पुरुष विश्वकप खेल्ने तथा जुलाई-अगस्तमा नेपाली टोली बेलायत भ्रमणमा जाने वार्षिक क्यालेन्डरमा उल्लेख गरिएको छ । बेलायत भ्रमणका क्रममा नेपालले एकदिवसीय र टी-२० शृंखला खेल्ने उल्लेख गरिएको छ ।

यसका अतिरिक्त जुलाई-अगस्तमा महिला द्विपक्षीय टी-२० शृफ्ला खेल्ने, सेप्टेम्बरमा पुन: महिला द्विपक्षीय टी-२० शृंखला आयोजना गर्ने, सेप्टेम्बरमै एसीसी महिला एसिया कप खेल्ने, सेप्टेम्बरमै नेपाल, क्यानडा र ओमन सम्मिलित पुरुष टी-२० क्रिकेट शृंखला खेल्ने तथा अक्टोबरमा पुरुष यू-१९ एसिया कप खेल्ने पनि वार्षिक क्यालेन्डरमा उल्लेख छ ।

यसैगरी अक्टोबरमा अमेरिकामा आयोजक राष्ट्र र स्कटल्यान्डसँग टी-२० शृंखला खेल्ने, नोभेम्बरमा आईसीसी महिला यू-१९ विश्वकपको छनोट प्रतियोगिता खेल्ने, नोभेम्बर १६ देखि डिसेम्बर ७ सम्म नेपाल प्रिमियर लिग आयोजना गर्ने, डिसेम्बरमा महिला द्विपक्षीय टी-२० शृंखला आयोजना गर्ने तथा डिसेम्बरमै पुरुष प्रथम श्रेणीको तीन दिवसीय प्रतियोगिता आयोजना गर्ने पनि वार्षिक क्यालेन्डरमा समावेश गरिएको छ । डिसेम्बरमै पुरुष टी-२० इमर्जिङ टिम एसिया कप खेल्ने उल्लेख छ ।

यसैगरी घरेलु गतिविधितर्फ डिसेम्बरमा प्रधानमन्त्री कप महिला क्रिकेट आयोजना गर्ने, फेब्रुअरीमा मनमोहन मेमोरियल यू-१६ प्रतियोगिता आयोजना गर्ने, जनवरी-फेब्रुअरीमा प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिता आयोजना गर्ने तथा जनवरी-फेब्रुअरीमै गर्ल्स यू-१९ राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने वार्षिक क्यालेन्डरमा उल्लेख छ ।

यसैगरी फेब्रुअरी, मार्च र अप्रिलमा दुई दिवसीय र तीन दिवसीय पुरुष एलिट ट्रफी आयोजना गर्ने, फेब्रुअरीमा सुशिल कोइराला च्याम्पियन्स ट्रफी आयोजना गर्ने, फेब्रुअरी-मार्चमा इन्डो-नेपाल टी-२० प्रतियोगिता आयोजना गर्नेलगायतका कार्यक्रम पनि क्यानले सार्वजनिक गरेको छ ।


**Invitation for Bids**

**Shree Amar Jyoti Secondary School**

**Kharanitar, Nuwakot**

*Bagmati Province, Nepal,*

Invitation for Bids for the ***01-AMARJYOTI-080/81***

**Date of Notice Publication: 5th January 2024**

1. Shree AmarJyoti Secondary School invites electronic bids from eligible bidders for the ***Construction of Academic Block of Amarjyoti Secondary School (Phase-3)*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot*** or may visit PPMO website www.bolpatra.gov.np.
3. Electronic bids must be submit their bid electronically or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa(revenue) account as specified below
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:Agricultural Development Bank Ltd.**
   **Name of Office: Shree Amarjyoti Madhyamik Bidhyalay Office Account no. 02-133-00985862-01-7**
   **Account Type: Chalti Khata**
4. Pre-bid meeting shall be held at Office of Shree Amarjyoti Secondary School, Kharanitar, Nuwakot at 1:00 PM on 2080/10/10 (January 24, 2024).
5. Electronic bids must be submitted to the office ***of Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot*** through PPMO website www.bolpatra.gov.np. on or before 12:00 Noon On ***2080/10/21 (February 4, 2024)***. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***1:00 PM on 2080/10/21 (February 4, 2024)*** at the office of ***Shree Amar Jyoti Secondary School, Kharanitar, Nuwakot***. Bids must be valid for a period of ***90 (Ninety) days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 2,00,000.00** deposited at School's account No.02-133-00985862-01-7 on behalf of Amarjyoti Madhyamik Bidhyalay, Kharanitar, at Agricultural Development Bank Limited, Kharanitar branch, Nuwakot or bid bond authorized from a recognized commercial bank of Nepal,which shall be valid for 30 days beyond the validity period of the bid **(i.e. 120 Days from the date of bid opening)**
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Identification No. | Description of Works | Total Estimated Amount With VAT & PS | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|
| AMARJYOTI/ NCB/W/BLDG/ 2080/81 | Construction of Academic Block of Amarjyoti Secondary School (Phase-3) | NRs. 8,050,124.25 | NRs.2,00,000.00 | NRs.3,000.00 |

**Principal**

**Aandhikhola Rural Municipality**

**Office Of Rural Municipal Executive**

Krishi, Syangja

Gandaki Province, Nepal

**Invitation for Bids for the**

***Upgrading Of Tikaja Deurali Bagaledada Samdhikhola Rural Road***

Contract Identification No:- ANDH-W-NCB-TS-05-080-81

**Date of publication: 5 January 2024**

1. The Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive Krishi Syangja invites electronic bids from eligible bidders under National Competitive Bidding procedures.

| Contract ID | Description and Location Of Work | Approved Estimated Amount (Without VAT&PS) Nrs. | Bid Document Fee (Nrs) | Bid Security Amount(Nrs) | Bid Validity Security Period |
|---|---|---|---|---|---|
| ANDH-W-NCB-TS-05-080-81 | Upgrading Of Tikaja Deurali Bagaledada Samdhikhola Rural Road | 10313347.88 | 3000.00 | 3,30,000 | 120 Days |

2. Information to deposit the cost of Bidding Document and bid bond in bank:

| Office Name | Aandhikhola Rural Municipality, Krishi, Syangja | Last Date Of Submission | Pre Bid Meeting |
|---|---|---|---|
| Name of Bank | NIC Asia Bank Ltd, Krishi branch | 4 February 2024, 12.00 hrs | 18 January, 2024, 13.00 hrs |
| Dharautti Account no: | N4CA052540052402 Dharautti (ga-3) | | |
| Rajaswa Sirsak No: | 2342050028676002 Revenue Heading Ga-1.1 | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's Website http//www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 90 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions far not covered shall be as per public procurement act 2063 and public procurement Regulation 2064 (Amendment-2078). Any amendment in tender notice shall be published in e-procurement section.
6. Bank guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Aandhikhola Rural municipality, Office of Rural municipal Excecutive section reserves the right to reject or accept or cancel any bid partially or full. Any other information regarding the bid is provided in the bid documents.

***Chief Administrative Officer***

# म्यान्माका नौ हजारभन्दा बढी कैदीले पाए आममाफी



**याङ्गुन (म्यान्मा)–** म्यानमाको राज्य प्रशासन परिषद्ले देशको स्वतन्त्रता दिवसको ७६औं वर्षगाँठको उपलक्ष्यमा बिहीबार नौ हजारभन्दा बढी कैदीको जेल सजाय माफी गरेको छ। म्यान्माका नौ हजार ६५२ र अन्य मुलुकका ११४ जना कैदीलाई मानवीय तथा शान्तिको अधिकार प्रत्याभूत गर्न बनेको म्यान्माको कानुनको प्रावधानबमोजिम सजाय मिनाहा गरिएको आदेशमा उल्लेख छ।

गत वर्ष देशको स्वतन्त्रता दिवसको ७५औं वर्षगाँठमा सात हजार १२ कैदीलाई आममाफी दिइएको थियो। सन् २०२३ अगस्ट १ मा म्यान्माको दोस्रो वासो चन्द्र महिनाको पूर्णिमाका दिन पर्ने बौद्ध धर्मावलम्बीको महत्त्वपूर्ण पर्व धम्मकाक्का दिवसको उपलक्ष्यमा सात हजारभन्दा बढी कैदीबन्दीलाई आममाफी दिएको थियो।

म्यान्माको निर्वाचित सरकारलाई अपदस्थ गरी सन् २०२१ को फेब्रुअरीमा एक सैनिक शासन सुरू भएको थियो। सन् २०२१ को सैन्य विद्रोह र त्यसपछिको 'कू' विरोधी प्रदर्शनमा भएको हिंसात्मक दमनको प्रतिक्रियामा 'स्प्रिङ रिभोलुसन' र 'पिपुल्स डिफेन्सिभ वार' को नाममा म्यान्मामा प्रजातन्त्र पुन:बहालीका लागि आन्दोलन चलिरहेको छ।

देशका अधिकांश भू-भागलाई सेनाको नियन्त्रणमा राखेको, सैनिक सरकारले म्यान्माकी प्रजातन्त्रवादी नेतृ आङसाङ सुकीलगायतका सयौं नेता तथा हजारौं कार्यकर्ताविद्ध भ्रष्टाचार र राज्यविरोधी गतिविधि गरेको अभियोगमा सुरक्षा नियन्त्रण, हिरासत वा जेलमा राखिएको छ। *रासस/एएफपी*

# दक्षिण कोरियाली नेता लीको स्वास्थ्यमा क्रमिक सुधार

**सियोल–** घाँटीमा धारिलो हतियार प्रहार हुँदा घाइते बनेका दक्षिण कोरियाली विपक्षी दलका नेता ली जे-म्युङको स्वास्थ्यमा क्रमिक सुधार भइरहेको तर जटिलताबाट बच्न कडा निगरानीको खाँचो रहेको सियोल नेसनल युनिभर्सिटी अस्पतालका चिकित्सकले बिहीबार बताएका छन्।

लीलाई दक्षिणी बन्दरगाह सहर बुसानमा मंगलबार पत्रकारसँगको कुराकानीपछि गाडीतर्फ जाने क्रममा समर्थकको रूपमा आएका एक व्यक्तिले धारिलो हतियार प्रहार गरी सख्त घाइते बनाएका थिए। उनको घाँटीको बायाँ भागमा चक्कुको चोट लागेको थियो।

टाउकोबाट शरीरमा रगत जाने नसामा चोट लागेका लीलाई तत्काले स्थानीय अस्पतालमा लगिएको थियो। उपचार त्यहाँ सम्भव नभएपछि नेता लीलाई पछि राजधानी सियोल लगी करिब दुई घण्टा लामो शल्यक्रिया गरिएको थियो।

शल्यक्रिया गर्ने चिकित्सक मिन सेउङ-कीका अनुसार लीको 'भाग्यवश स्वास्थ्यमा सुधार आएको छ।' लीको मांसपेशीमा १.४ सेन्टिमिटर छेडिएको घाउ देखिएको र घाँटीमा रगत जमेको भएपनि शल्यक्रियापछि उनको स्वास्थ्यमा सुधार देखिएको हो। चक्कूले 'भित्री नशा (जुगुलर भेन) करिब ६० प्रतिशत भाग काटेको' सर्जन चिकित्सकले बताएका छन्।

'भाग्यवश धमनी, मस्तिष्क तन्त्रिका, घाँटी वा वायुमार्गमा क्षतिको कुनै संकेत थिएन। लीको स्वास्थ्य तत्काल खतरामुक्त भए पनि अझै चिकित्सकीय निगरानी आवश्यक छ,' मिनले भने, 'किनकि घाउमा संक्रमण भई उपचारमा जटिलता आउनसक्छ।'

लीको शल्यक्रियापछि सियोल अस्पतालले बिहीबार पहिलोपटक स्वास्थ्य अवस्थाबारे दिएको जानकारीमा पार्टी नेतालाई बुधबार सघन उपचार कक्षबाट जनरल वार्डमा स्थानान्तरण गरिएको बताइएको छ। लीको डेमोक्रचाटिक पार्टीले आक्रमणकारीको चक्कु उनको नसामा नभई उनको धमनीमा लागेको भए उनको मृत्यु हुनसक्ने बताएको छ।

योनहाप समाचार संस्थाका अनुसार बुसानको एक अदालतले हत्या प्रयासको अभियोगमा ६६ वर्षीय संदिग्ध व्यक्तिविरुद्ध अभियोजन पक्षले दायर गरेको पक्राउ पुर्जी बिहीबार पुनरावलोकन गर्ने भएको छ। *रासस/एएफपी*

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या ७८ पुग्यो

**टोकियो–** जापानमा सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पका कारण मृत्यु हुनेको संख्या ७८ पुगेको छ। साथै, ५१ जना अझै बेपत्ता भएको बिहीबार सरकारी अधिकारीले जानकारी दिएका छन्।

जापानका प्रधानमन्त्री फुमियो किशिदाले विपद्को पहिलो ७२ घण्टाभित्र जीवन बचाउन उच्च प्रयास गर्दै जीवन सुरक्षाका लागि आपूर्तिलाई अधिकतम बनाउन आग्रह गरेका छन्। जापानको विपद् व्यवस्थापन मुख्यालयको बैठकमा बोल्दै उनले नागरिकको जीवन रक्षाका लागि उपलब्ध सबै स्रोत परिचालन गर्न अधिकारीहरूलाई निर्देशन दिएका हुन्।

भूकम्पपछिको पहिलो ७२ घण्टा उद्धारका लागि विशेष महत्त्वपूर्ण रहने तथा त्यसपछि बाँच्ने सम्भावना निकै कम हुने विज्ञहरू बताउँछन्। 'बिहीबार साँझ भूकम्पको ७२ घण्टा हुने हुँदा विपद्मा परेका सबैको जीवन बचाउन पूर्ण समर्पणका साथ काम गर्न सरकारले सुरक्षाकर्मी तथा उद्धारमा खटिएका संघसंस्था तथा व्यक्तिहरूलाई निर्देशन दिएको छ,' प्रधानमन्त्री किशिदाले भने।

प्रभावित तटीय सहर वाजिमामा धेरै मानिस अझै पनि भग्नावशेषमा फसेको विश्वास गरिएको छ। वाजिमामा हालसम्म ४४ जनाको मृत्यु भएको पुष्टि भएको जापानको समाचार संस्था क्योदोले जनाएको छ। रिपोर्टअनुसार वाजिमाको तटमा विपद् सफाइ कार्यका लागि एउटा जहाज खटाइएको छ। भग्नावशेष र अवरूद्ध सडकहरूका कारण खोजी तथा उद्धार कार्यमा चुनौती थपिएको छ। शक्तिशाली भूकम्पको तीन दिनपछि इशिकावा र वरपरका क्षेत्रमा सुनामीको चेतावनी दिइएको थियो।

भूकम्पपछि सुनामीले इशिकावाको १०० हेक्टर क्षेत्र डुबानमा परेको र बाढीको प्रभाव अझ ठूलो हुने भूमि मन्त्रालयले जनाएको छ। इशिकावाको नोटो क्षेत्रमा गत सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पलाई जापान मौसम विज्ञानसम्बन्धी निकायले आधिकारिक रूपमा नोटो प्रायद्वीप भूकम्प २०२४ नाम दिएको छ। *रासस/सिन्ह्वा*

# निर्माणाधीन राममन्दिर पाँच मण्डपसहित १६१ फिट अग्लो हुने

**नयाँदिल्ली–** अयोध्यामा निर्माणाधीन राममन्दिरको स्वरूप परम्परागत नगरा शैलीमा रहेको र मन्दिरको लम्बाइ ३८० फिट, चौडाइ २५० फिट र उचाइ १६१ फिट रहेको श्री राम जन्मभूमि तीर्थ क्षेत्र कोषले जनाएको छ।

मन्दिरहरूमा शिखर शैलीका अग्लो पिरामिड आकारका टावरहरू रहने छन् भने शिखरमा कलशसहित मन्दिरका स्तम्भ तथा पर्खालहरू मूर्तिकलाले सजिएका छन्। तीन तले मन्दिरमा ३९२ स्तम्भ तथा ४४ ढोका बनाइएको छ। मन्दिरको सबैभन्दा विशेष स्थान भगवान् श्रीरामको प्रतिमूर्ति राखिने गर्भगृहमा उनको बाल्यकालको स्वरूप र पहिलो तल्लामा श्रीराम दरबार रहने छ। मन्दिरमा नृत्यमण्डप, रंगमण्डप, सभा मण्डप, प्रार्थना र कीर्तनमण्डप गरी पाँच मण्डप बनाइएको छ।

मन्दिरका स्तम्भ तथा पर्खाल देवी देवताहरूको मूर्ति सजिएका छन्। सिंहद्वार हुँदै ३२ वटा सिँढी चढेर पूर्वबाट मन्दिर प्रवेश गर्न सकिन्छ। असहजताको सुविधाका लागि लिफ्टलगायतको व्यवस्था गरिएको छ। सात सय ३२ मिटर लम्बाइ तथा १४ फिट चौडाइ भएको आयताकार पर्खालले मन्दिरलाई घेरेको छ। *रासस/एएनआई*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-KHARAFI CONSTRUCTION COMPANY

पुर्व स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 297506 | चलानी नं. ६०२१२५९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder Laborer | 57 | 0 | 120 | ५२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE WORLD TRANSPORT CORPORATION

पूर्व स्वीकृति मिति २०८०/०६/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 292820 | चलानी नं. ६०२०८०४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 4 | 0 | 1800 | ६३,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DINMAT SECURITY SDN.BHD

पूर्व स्वीकृति मिति : २०८०/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/१९ | LT. No.295356 | चलानी नं. ६०२१०३५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 24 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २७/२८ र २९ गते (12/13/14 Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAHAH FOOD SERVICES RESTAURANT.

पूर्व स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 297600 | चलानी नं.६०२१२५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Labor | 1 | 0 | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. 267/058/059

ARANIKO OVERSEAS PVT. LTD.
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658,Email: infoaraniko267@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EVER BEST INDUSTRY SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०७/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 274330 | चलानी नं. ६०१९०१८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

DREAMLAND MANAGEMENT PVT.LTD.
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com
Govt. License 776/065/066



## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARIZON TRADING AND CONTRACTING WLL.

पूर्व स्वीकृति मिति २०७९/०८/०९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 276055 | चलानी नं. ६०१९२१३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 1 | 0 | 1100 | ३९,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Business Excecutive | 1 | 0 | 3000 | १०७,५७० | | | | | | | |
| 3 | Carpenter | 1 | 0 | 1100 | ३९,४४० | | | | | | | |
| 4 | Electric Tech | 1 | 0 | 1100 | ३९,४४० | | | | | | | |
| 5 | Gate Man | 1 | 0 | 1100 | ३९,४४० | | | | | | | |
| 6 | Mason | 1 | 0 | 1100 | ३९,४४० | | | | | | | |
| 7 | Patch Worker | 1 | 0 | 1100 | ३९,४४० | | | | | | | |
| 8 | Pipe Fitter | 1 | 0 | 1100 | ३९,४४० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २८ गते (13th Jan. 2024) मा हुनेछ।

कम्पनी : FIT LAB RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/०९/१९ | LT. No. 297584 | चलानी नं. ६०२१२५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४१,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २६ गते (11th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMANI HUSSEIN BIN NASSER AL-ZABADEN JUICES TO PROVIDE DRINKS

पूर्व स्वीकृति मिति: २०८०/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/१९ | LT. 291591 | चलानी नं. ६०२०६८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Coating Agent | 3 | 0 | 1500 | ५२,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Vehicle Plumbers | 1 | 0 | 1500 | ५२,९१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष २७ गते (12th Jan. 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ५७४/०६२/०६३

CENTRAL CAPITAL SERVICES PVT.LTD.
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर


पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेशनरी– गट्टाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | ११९५०० | ११८९५० | १४२० |

## 'विद्युत् निर्यातसम्बन्धी सम्झौता कोशेढुंगा'



■ प्रभाव संवाददाता

**रामेछाप** – प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाल र भारतबीच भएको बिजुली निर्यातसम्बन्धी दीर्घकालीन सम्झौता विद्युत् व्यापारका दृष्टिले कोशेढुङ्गा भएको बताएका छन् । रामेछापको सुनापति गाउँपालिकाको प्रशासकीय भवनको आज उद्घाटन गर्दै प्रधानमन्त्रीले भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमणका क्रममा भएको सो सहमतिले नेपालको ऊर्जा व्यापारका क्षेत्रमा गुणात्मक फड्को मार्ने विश्वास व्यक्त गरे ।

आफ्नो भारत भ्रमणका क्रममा दश वर्षमा दश हजार मेगावाट विद्युत् भारतलाई बिक्री गर्ने सम्झौता भएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सहमतिसँगै विद्युत् निर्यात गर्ने बाटो खुलेको बताए । 'यो आफैँमा उपलब्धि हो, भारतमा मात्रै होइन, बङ्गलादेशमासमेत विद्युत् निर्यातको ढोका खुलेको छ', उनले भने, 'अब भारतको ग्रीड प्रयोग गरी बङ्गलादेशसँग विद्युत् व्यापार हुनेछ ।'

फरक प्रसङ्गमा प्रधानमन्त्री दाहालले संसद्को प्रभावकारी सञ्चालन र सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित काम टुङ्गोमा पुऱ्याउन सत्ता गठबन्धनले राष्ट्रिय सहमतिको आवश्यकता महसुस गरेको बताए । 'सानो दुःखले वर्तमान गठबन्धन बनाएको होइन, गठबन्धनलाई मजबुद बनाउन हामी दृढ छौँ', उनले भने, 'तर, कतिपय विषयमा राष्ट्रिय सहमति जरूरी हुन्छ, सदनको प्रभावकारी सञ्चालन र सङ्क्रमणकालीन न्यायसम्बन्धी बाँकी काम टुङ्ग्याउन राष्ट्रिय सहमति चाहेका छौँ ।'

प्रधानमन्त्री दाहालले सुनापति गाउँपालिकाले भौतिक विकासमा राम्रो प्रगति गरेको उल्लेख गर्दै सेवा प्रवाह, शिक्षा, स्वास्थ्यको विकास, कृषि, पर्यटनको प्रवर्द्धन र रोजगारी सिर्जनामा केन्द्रित हुन जनप्रतिनिधिलाई अपिल गरे ।

### नेपाल-भारत विद्युत् व्यापारमा फड्को

## एकैपटक तीन प्रसारण लाइन

■ रमेश लम्साल

**काठमाडौं–** नेपाल र भारतबीच बिजुली खरिदबिक्रीका लागि महत्वपूर्ण मानिएका तीन वटा प्रसारण लाइनको बिहीबार उद्घाटन भएको छ ।

परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र भारतीय विदेशमन्त्री एस जयशंकरले आज कुशाहा-कटैया, परवानीपुर-रक्सोल र मैनहिया- न्यू नौतनवा प्रसारण लाइनको संयुक्त रूपमा उद्घाटन गरे ।

त्यस अवसरमा उपस्थित ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले दुई देशबीचको विद्युत् व्यापारका लागि बिहीबारदेखि सञ्चालन भएका प्रसारण लाइन द्विपक्षीय ऊर्जा व्यापारका निम्ति उपलब्धिपूर्ण भएको बताए । उनले दुई देशबीच बिजुली खरिदबिक्रीका लागि विद्यमान संरचनाको अधिकतम उपयोग गर्ने विषयमा महत्वपूर्ण काम भएको बताए । ती प्रसारण लाइनमध्ये दुईवटा यसअघि नै सञ्चालनमा आइसकेको भए पनि दोस्रो सर्किट थप भएका हुन् । परवानीपुर-रक्सौल, कुशाहा कटैया प्रसारण लाइनको एक/एक वटा सर्किट सञ्चालनमा थिए । ती प्रसारण लाइनमा अर्को सर्किट थप गरेर डबल सर्किट गरिएको छ ।

सञ्चालन भएका प्रसारण लाइनको क्षमता एक सय ३२ किलोभोल्ट छ । ती प्रसारण लाइनबाट हाल ८० मेगावाट बराबरको बिजुली प्रवाह हुँदै आएको थियो । दोस्रो सर्किट सञ्चालनमा आएपछि थप ८० मेगावाट बिजुली प्रवाह गर्न सहज भएको छ । यसैगरी, न्यू नौतनवा मैनाहिया एक सय ३२ केभी प्रसारण लाइनको पनि आजै उद्घाटन भएको छ । डबल सर्किट क्षमताको सो प्रसारण लाइनबाट दुई सय मेगावाट बिजुली प्रवाह हुनेछ ।

मन्त्री बस्नेतले १० वर्षमा १० हजार मेगावाट बिजुली भारत निर्यात गर्ने सम्बन्धमा भएको सहमतिलाई 'ब्रेकथ्रु'को संज्ञा दिए । नेपाली बिजुलीले भारतको विशाल बजारमा सहज प्रवेश पाएको र यसले लगानीको थप वातावरण बनेको बताए ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गत जेठमा गरेको भारत भ्रमणमा क्रममा व्यक्त प्रतिबद्धता कार्यान्वयनको चरणमा प्रवेश गरेकामा प्रसन्नता व्यक्त गर्दै मन्त्री बस्नेतले थप विद्युत् भारत निर्यात गर्न योजनाबद्ध रूपमा अगाडि बढ्नुपर्नेमा जोड दिए । सम्झौता बमोजिम आपसी हित हुने गरी दुई देशबीच दीर्घकालीन विद्युत् व्यापारका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ । सरकारी र निजी दुवै क्षेत्रले सहज रूपमा अब विद्युत् व्यापार गर्न बाटो खुलेको छ । सम्झौताको अवधि २५ वर्षको रहेको छ । प्रत्येक १० वर्षमा स्वतः नवीकरण हुने व्यवस्था गरिएको छ ।

क्षेत्रीय व्यापारलाई अझै वृद्धि गर्दै, दुई मुलुकबीच विद्यमान, कार्यान्वयनमा रहेका र प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनलाई प्रयोग गरिने भएको छ । हाल ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा छ । सो प्रसारण लाइनबाट हाल आठ सय मेगावाट बिजुली आयातनिर्यात गर्न सकिनेछ । सो प्रसारण लाइनको क्षमता वृद्धि गरेर एक हजार मेगावाट बराबर बनाउने सम्बन्धमा सहमति भइसकेको छ । सन् २०२५ को मे सम्ममा न्यू-बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य छ । सो प्रसारण लाइन निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ । ऊर्जा मन्त्रालयले तयार पारेको प्रस्तावमा नानपारा-कोहलपुर एक सय ३२ केभी प्रसारण लाइनको विषय पनि समावेश छ ।

भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गरिरहेको नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रसारण लाइनको क्षमता उपयोगका बारेमा पनि सहमति भएको छ । नेपालले सो प्रसारण लाइनको उपभोग गरेर थप बिजुली भारत निर्यात गर्न सकिने बताउँदै आएको छ । अरुण तेस्रोको हाल भौतिक प्रगति ६५ प्रतिशतमाथि छ । यसअघि नै प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनको रूपमा रहेका चार सय केभी क्षमताको दोदोधारा- बरेली र इनरुवा- पूर्णीया प्रसारण लाइन निर्माण हुनेछ । सन् २०२८ सम्म ती प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

सरकारले सन् २०३५ सम्म कूल २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने रणनीतिक कार्ययोजना तयार पारिसकेको छ । सो कार्ययोजनामा १३ हजार मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य राखेको छ । सोही लक्ष्यअनुसार सरकारले निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्ने लक्ष्य लिएको मन्त्री बस्नेतले दिए ।

चालु आवको अन्त्यसम्म भारतबाट आयात गरिने बिजुली र नेपालबाट निर्यात हुने बिजुलीको मात्रामा गुणात्मक बदलाव आउने मन्त्री बस्नेतको भनाइ छ । 'यसवर्षदेखि हामी आयातभन्दा बढी निर्यात गर्ने स्थानमा पुग्नेछौं,' उनले भने, 'एकाध वर्षपछि हामी पूर्ण रूपमा बिजुली निर्यातक देशका रूपमा परिवर्तन हुनेछौँ ।' नेपाल विद्युत् प्राधिकरणले पछिल्लो एक वर्षमा रु १५ अर्ब २७ करोड बराबरको बिजुली निर्यात गरेको छ । यो आफैँमा महत्वपूर्ण उपलब्धि भएको टिप्पणी गर्दै मन्त्री बस्नेतले भने, 'हामीले निर्यातलाई मात्रै जोड दिएका छैनौँ । आन्तरिक खपतलाई पनि उत्तिकै प्राथमिकतामा राखेका छौँ ।'

प्रधानमन्त्रीले आगामी डेढ वर्षभित्र आधारभूत रूपमा सबै नेपालीको घरमा बिजुली पुऱ्याउने लक्ष्य सार्वजनिक गरेका छन् । सोही आधारमा मन्त्रालयले योजना बनाएर कार्यान्वयन गरिरहेको मन्त्री बस्नेत बताउँछन् । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले पनि भारतसँग भएको सम्झौता र प्रसारण लाइन सञ्चालनबाट द्विदेशीय बिजुलीको व्यापारका लागि 'बजार' सुनिश्चित भएको प्रतिक्रिया दिए । उनले बजार सुनिश्चित भएकाले ऊर्जा उत्पादनमा लगानी विस्तार हुने विश्वास व्यक्त गरे । *-रासस*

## नेप्से परिसूचकमा ओरालो यात्रा जारी

**काठमाडौं** (**प्रस**)– धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार आठ दशमलव सात एक अंकले ओरालो लागेर दुई हजार ४९ दशमलव २८ मा सीमित भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव १२ अंकले ओरालो लागेर तीन सय ७९ दशमलव १६ मा सीमित भएको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये चार उपसमूहको सेयर मूल्य उकालो लाग्दा नौ उपसमूहको सेयर मूल्यमा भने गिरावट आएको छ । कुल एक करोड ६० लाख ५२ हजार एक सय एक कित्ता सेयर रु पाँच अर्ब ५८ करोड ११ लाख सात हजार आठ सय चार मूल्यमा खरिद बिक्री भएका छन् ।

कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्षस्थानमा छ । सो कम्पनीको रु ३३ करोड ४५ लाख १५ हजार छ सय ४५ बराबरको सेयर कारोबार भयो । यस्तै शिवम् सिमेन्ट रु १९ करोड ४८ लाख २६ हजार छ सय ८८, माउण्टेन इनर्जी रु १८ करोड ६४ लाख ८५ हजार चार सय ७३, एनआरएन इन्फास्ट्रचर रु १६ करोड २९ लाख ३८ हजार चार सय ४४ र युनाइटेड आइडीआई मर्दी आरबी हाइड्रोपावर रु १५ करोड ६९ लाख तीन हजार नौ सय २६ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार कालिका पावर कम्पनी, सिङ्गटी हाइड्रो नेपाल बेयर हाउस कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भएको छ । मुक्तिनाथ कृषि कम्पनी नौ दशमलव ९८ र बिन्दबासिनी हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ३१ प्रतिशतले कमाएका छन् ।

यस्तै सिद्धार्थ प्रिमियर इन्स्यारेन्स छ दशमलव ५६, मन्दकानिकी हाइड्रोपावर पाँच दशमलव ८०, नेपाल दूरसञ्चार कम्पनी पाँच दशमलव ४५, जानकी फाइनान्स पाँच दशमलव २८ र युनिलिभर नेपालका लगानीकर्ताले पाँच दशमलव शून्य आठ प्रतिशतले गुमाएका छन् ।

## पर्यटकीय क्षेत्रमा थपिँदै पूर्वाधार

■ प्रभाव संवाददाता

**ढोरपाटन** (**बागलुङ**) – काठेखोला गाउँपालिका-४ झुलेनीलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गरिनेभएको छ । समुद्री सतहबाट दुई हजार पाँच सय ५० मिटरको उचाइमा रहेको झुलेनी, देउराली क्षेत्रमा काठेखोला गाउँपालिका र गण्डकी प्रदेशले संयुक्तरूपमा लगानी गरी संरचना निर्माण सुरु गरेका छन् ।

उच्च पहाडी हावापानी, शान्त वातावरण, चराचुरुङ्गीको चिरबिर आवाज र यहाँबाट देखिने दर्जनौं हिमशृङ्खलाले आगन्तुकलाई पर्खिरहे पनि आवश्यक पूर्वाधार नबन्दा झुलेनी क्षेत्रमा कमै पर्यटक पुग्छन् । यस अगाडि काठेखोला गाउँपालिकाले वनभोजस्थललगायतका संरचना निर्माण गरेको छ ।

चालु आर्थिक वर्षमा गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट विनयोजन भएको रु पाँच लाखले यहाँ पदमार्ग र पार्क निर्माण गरिने छ । पर्यटनका हिसाबले सम्भावना बोकेको भए पनि प्रचारप्रसार र पूर्वाधार निर्माण हुन नसक्दा अहिलेसम्म ओझेलमा रहेको झुलेनीलाई पर्यटक आकर्षण केन्द्रका रूपमा विकास गरिन लागिएको काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बताए ।

प्राकृतिक सुन्दरताले भरिपूर्ण भए पनि अहिलेसम्म लगानी हुन नसक्दा पछाडि परेको भन्दै अब पर्यटकलाई झुलेनीसम्म पुर्‍याउनका लागि प्रचारप्रसार र संरचना निर्माण गरिने उनको भनाइ छ । 'काठेखोलामा धेरै पर्यटकीय क्षेत्र छन्, सबै गन्तव्यलाई व्यवस्थित र पर्यटकमैत्री बनाउनका लागि हामी लागेका छौँ', अध्यक्ष थापाले भने, 'पर्यटकलाई यहाँसम्म ल्याउन विभिन्न ठाउँबाट पदमार्गले जोड्ने, ठाउँठाउँमा खाजा, खाना र बस्नका लागि घरबास (होमस्टे) सञ्चालन गर्ने र स्थानीयलाई आयआर्जनसँग जोड्नका लागि योजना बनाएर काम गरिरहेका छौँ ।' यस वर्ष प्रदेश सरकारले पनि राम्रो सहयोग गरेको पालिकाले पनि हरेक वर्ष बजेटको व्यवस्थान गरिरहेको उनको भनाइ छ ।

झुलेनी क्षेत्र 'क्याम्प फायर', भवनभोज र पदयात्राका लागि उपयुक्त क्षेत्र रहेको अध्यक्ष थापाको भनाइ छ । उच्च पहाड भएको हुँदा यहाँबाट बागलुङको अधिकांश ठाउँ, धवलागिरि, माछापुच्छ्रे, अन्नपूर्णलगायत पूर्वबाट पश्चिमसम्म दर्जनौं हिमाल आँखै अगाडि देख्न सकिने उनले बताए । झुलेनीसँगै जोडिएको देउराली पनि निकै रमणीय रहेको भन्दै त्यस नजिकै ध्यान केन्द्रसमेत रहेको थापाको भनाइ छ । प्रदेश सरकारअन्तर्गत डिभिजन वन कार्यालय बागलुङले यस वर्षदेखि यहाँ काम गर्ने भएको थापाले बताए ।

डिभिजन वन कार्यालय बागलुङका प्रमुख शरण अधिकारीले यसभन्दा अगाडि पनि प्रदेशबाट विनियोजन भएको रकमले झुलेनी क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि काम गरेको भन्दै यस वर्ष पनि नयाँ काम सुरु गर्ने बताए । ओझेलमा रहेका पर्यटक क्षेत्रको उजागर गरी प्रचारप्रसारका साथै पूर्वाधार निर्माण गर्ने कार्यक्रमअन्तर्गत झुलेनीमा यस वर्ष काम गर्न थालेको उनको भनाइ छ । यहाँको स्थलगत अनुगमन गरिसकेको भन्दै झुलेनी गण्डकी प्रदेशकै उत्कृष्ट गन्तव्य बन्न सक्ने प्रमुख अधिकारीले बताए ।

'फापरखेत-झुलेनी वनबाटिका भनेर बजेट विनियोजन भएको छ, स्थानीय र गाउँपालिकासँग सहकार्य गरेर काम गर्न थालेका छौँ, उपभोक्ता समितिमार्फत गर्ने तयारी छ, गाउँपालिकाले पार्क, पदमार्ग निर्माण गर्ने प्रस्ताव गरेको छ', उनले भने, 'छलफल गरेर कुन संरचना बनाउँदा उपयुक्त हुन्छ सोहीअनुसार काम अगाडि बढाउँछौँ ।'

अपांगताको आधारमा भेदभाव नगरौं

अपांगताको आधारमा कसैलाई पनि
- अपमान गर्ने,
- होच्याउने,
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुनु, त्यस्ता कार्य नगरौं, नगराऔं ।
- अपांगताको आधारमा गरिने विभेदविरूद्ध खुलेर बोलौं ।
- अपांगता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ